# सर्केगाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सर्केगाड, हुम्ला
## कर्णाली प्रदेश, नेपाल

प.सं. २०७७/०७८
च.नं.:-

मितिः २०७७/०८/१९

## बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७।०८।१९)

यस गाउँपालिकालाई आवश्यक निम्न कार्य गर्न ईच्छुक र ईजाजत प्राप्त फर्म/कम्पनिले देहाय वमोजिमको अधिनमा रही रित पूर्वकको बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिदेखि तपशिलमा उल्लेख भएको मितिसम्म फर्म/संस्था/कम्पनीको लिखित निवेदन पेश गरी यस गाउँपालिकाको प्रशासन शाखाबाट तपशिल बमोजिमको दस्तुर बुझाई (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ ।

२. बोलपत्र तपशीलमा उल्लेखित मिति र समय भित्र यस गाउँपालिकाको प्रशासन शाखामा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । बोलपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर "सर्केगाड गाउँपालिका हुम्ला"लाई सम्वोधन गरी आफूले गर्न चाहेको कार्य सहित बोलपत्रको ठेक्का नं. सहित स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।

३. दर्ता हुन आएका शिलवन्दी वोलपत्रहरु तपशिलमा उल्लेखित मिति र समयमा यस गाउँपालिकाको प्रशासन शाखामा उपस्थित फर्म कम्पनीको प्रतिनिधिको रोहवरमा खोलिनेछ तर फर्म/कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।

| सि. नं. | ठेक्का नं. | कार्यको विवरण | बोलपत्रफाराम खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | फारम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १. | ०१/२०७७/०७८ | कार्यालय तथा स्टेशनरी सामानहरु आपूर्ति गर्ने कार्य | २०७७/०९/१९ | २०७७/०९/२० दिनको १२:०० बजे भित्र | २०७७/०९/२० दिनको १:०० बजे | ३,०००।- | ६३,०००।- |
| २. | ०२/२०७७/०७८ | औषाधी तथा सामान्य प्रकृतिका मेडिकल उपकरण सम्बन्धी कार्य | २०७७/०९/१९ | २०७७/०९/२० दिनको १२:०० बजे भित्र | २०७७/०९/२० दिनको १:०० बजे | ३,०००।- | ६३,०००।- |
| ३. | ०३/२०७७/०७८ | सूचना प्रविधि सम्बन्धी सामग्री खरिद | २०७७/०९/२० | २०७७/०९/२० दिनको १२:०० बजे भित्र | २०७७/०९/२० दिनको १:०० बजे | ३,०००। | ४०,०००/- |

४. बोलपत्र वापत माथि उल्लेखित रकम बराबर यस गाउँपालिकाको नाममा रहेको सिटिजन्स बैंक, शाखा कार्यालय सर्केगाड, हुम्लामा रहेको धरौटी खाता नं. ०६५०१०००००००६२०२ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।जमानतपत्रको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिनको मान्य अवधी(भ्यालिडिटी पिरियड) भएको जमानतपत्र पेश हुनु पर्नेछ ।

५. बोलपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलवन्दी बोलपत्र साथ देहायका प्रमाणित कागजात पेश गर्नु पर्नेछ ।

(क) संस्था/कम्पनि दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(ख) व्यवसाय दर्ताको ईजाजत पत्रको प्रमाणित प्रतिलिपि,
(ग) मुल्य अभिवृद्धिकर र स्थायी लेखा नं. दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
(घ) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको स्व-घोषणाको सक्कल प्रति,
(ङ) आ.व. ०७६/०७७ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(च) बोलपत्रदाता फर्म/कम्पनीको Power of attorney letter समेत

(६) बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन निर्धारित समय र स्थानमा गरिने छ । यस्तो अवस्थामा बोलपत्रको जमानत र बोलपत्रको मान्य अवधीको गणना साविककै मितिबाट गरिने छ।

# सर्केगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सर्केगाड, हुम्ला
## कर्णाली प्रदेश, नेपाल

प.सं. २०७७/०७८

च.नं.:-

(७) यस सूचनाको बुदाँ नं. ५ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न शर्तहरु उल्लेख गरेको, बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको र प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम रित नपुगी आएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

(८) कुनै वा सबै बोलपत्र पूरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहने छ ।

(९) माथि उल्लेखित कार्यको सम्झौता अवधि बढी मा एक बर्षको हुनेछ। स्वीकृत बोलपत्रदाताई उक्त अवधि भित्र बोलपत्र फारममा उल्लेख भए बमोजिमका सामान एकै पटक वा पटक-पटक आपूर्ति गर्न यस गाउँपालिकाले खरिद आदेश सहित निर्देशन दिनेछ ।

(१०) बोलपत्रपत्र स्वीकृतदाताले गाउँपालिकालाई उपलब्ध गराउनु पर्ने सामग्रीहरु सर्केगाड गाउँपालिकाको कार्यालयमै उपलब्ध गराउनु पर्नेछ । उपलब्ध गराइने सामग्रीहरुको ढुवानी स्थलमार्ग गाडीबाट र खच्चड वा भरियामार्फत जुन उपर्युक्त हुन्छ सप्लायर्सकर्ताले स्वयम् ढुवानी गर्नुपर्नेछ । ढुवानी गर्दा लाग्ने ढुवानी भाडा वापतको रकम स्वीकृत जिल्ला भाडा दररेटका आधारमा गाउँपालिकाले उपलब्ध गराउनेछ । ढुवानी गरिएका सामग्रीहरुको के-कति तौल हुन आउछ सो एकिन भएको कागजात पेश गर्ने दायित्व सम्बन्धित सप्लायर्सले गर्नेछ ।

(११) यस सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र जिन्सी शाखा (मो.नं. ९८४८३१५५२०) मा सम्पर्क राख्न सकिनेछ ।

..............................

(दिपक कुमार आचार्य)

प्रमुख प्रशासकीय अधिकृत

दिपक कुमार आचार्य
प्रमुख प्रशासकिय अधिकृत